# Living the Lotus

## Buddhism in Everyday Life

9
2025
VOL. 240




Living the Lotus
Vol. 240 (September 2025)

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्य बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४ फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: केइइची आकागावा
सम्पादक: साची मिकावा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्य बिभाग कर्मचारी

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्य अन्तराष्ट्य स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।
रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्य अन्तराष्ट्य स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो । यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ ।

*President's Message*



# जीवन शिशिरतीर जाने तयारी

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai

## जाने जान्छ अनि मात्र पूरा हुन्छ

जीवनलाई धेरै जस्तो चार ऋतु जस्तै हो भनेर भनिन्छ। जीवन अंकुरित हुने अनि बिकसित हुदै जाने बशन्त ऋतु , ऊर्जावान भएर समाजमा धेरै गतिशील हुने हेमन्त ऋतु, मानवकोरुपमा परिपक्क भएर फाशल दिने जस्तो हुने र आउने जाड़ो शिशिर ऋतुकोलागी तयार हुने शरद ऋतु र जीवनको फल सबै पाएर शांत भएर बाँचने रा आरुमा भएको बीज फेरि अंकुरण होस भनेर परखने शिशिर ऋतु। मान्छे अनुसार यो कुरालाई लिने कुरा फरकफरक होला तर "१०० बर्ष बचिने समय" भनिने अहिलेको सोचाइबाट हेर्‍यो भने बशन्त २५ बर्ष सम्म, हेमन्त ५० बर्ष सम्म, शरद ७५ बर्ष सम्म र तेसपछीको बाकी समयस हिशिर भन्न पर्ला जस्तो मलाई लाग्छ।तर यो चार ऋतुमा शरदबाट शिशिर जाने समयलाई धेरै मान्छेलाई पात झरे र नांगों , उजाड हुने अनि हिउ परेर चिशो हुने अलि अजिबन्त अनि कठाङ्ने नरमाइलो जस्तो भनेर धेरैलाई लाग्न सक्छ। तर पुरात्तव कालको भारतमा पनि ब्रहमचार्य , गृहस्थ, बनप्रास्थ अनि शन्यास भनिने "चार आश्रम" भन्ने सोचाइ थियो। र अघिको चार ऋतुबाट भन्दा शरद भनेको "बनप्रास्थ" हो। र यो नै जिवनको सुनौलो काल हो किन भने यो समयमा पुर्ण बाधा र बन्धनबाट मुक्त भएर जिवनको अन्तिम मन्च "शन्यास" भनेको रमाइरमाइ बाच्नकोलागि तयारी गर्ने समय हो भनेर यहाँ सिकाइएको छ।"जे गयो त्यो गयो फेरी आकाशमा शरद भरियो" भन्ने कबी ईदा र्युताको एक हाइकु कबिता छ जसम जिवनको शरद ऋतु भनेको अहिलेसम्म भ्रम र उल्झन भनिएको कुराबाट अलिअली तेसबाट मुक्त हुँदै आफ्नो मन धनी पारेर आफ्ना आकांक्षा राख्दै सुन्दर शरद ऋतुलाई पर्खने बेला हो।

र जिवनमा बाच्दै जादा कहिलेकाही "त्यो बेलामाअ एस्तो गरेको भए हुन्थ्यो" भनेर पछुतो र पश्च्यातप गरिने गरिन्छ जुन जिवनको दोस्रो भागमा एस्तो भावना धेरै आउने गर्दछ। तर एस्ता प्रायश्चित गर्ने कुरा पनि जिवनको शिशिर याममा तेस्ले केहि "फल" जरुर लिएर आउने छ भन्ने लाग्दछ।शिशिर ऋतुमा पाक्ने हलुवाबेद या कटुश पनि तितोपन या काँड़ा मन परेन भने फल्ने होईनन तीनलाई पछी पक्कै

मिठो फल बन्छ भनेर मेहेनत गरेमा मात्र मिठो फलप्राप्त हुन्छ। त्यो कुरा जस्तै नमिठा समझना र बिचारलाई "फल" को रुपमा मनन गरेर शिशिर ऋतुमा चाहिने उर्जा पनि यो समयमा प्राप्त हुने धेरै ठुलो फल भन्न सकिएला।

## शिशिर भनेको सिक्ने समय

करिब २६०० बर्ष अघी ७४ बर्षमा निधन भएका कन्फ्युसियसले आफ्ना किताब "एनालेक्टस" मा "५० बर्षको उमेरमा स्वर्ग बारे सुन्छु। ६० बर्षको उमेर्मा अरुको कुरा सुन्छु। ७० बर्षको उमेरमा नैतिकता पालना गरी गरी आफ्ना आकांक्षाहरुलाई सुन्छु" भनेर आफ्ना भावनाहरुलाई बिष्तृत बर्णन गरेका छन। जिवनको शरद ऋतुमा यो ब्रह्मांड सत्यलाई बुझ्न थालिन्छ र अरुको कुराहरु सुन्दा त्यो सत्यलाई मनन गरी जिवनको शिशिरमा प्रबेश गर्दा आफ्नो मनले मागेको कुरा गरे पनि त्यो पुरा गर्न प्राकृतिक रुपमा नैतिकता या नियम बिपरित जान सकिन्न भन्ने कुरा हो।

म अहिले ऋतुबाट हिशाब गर्दा शिशिरको गहिराइमा छु भन्नु पर्ला तर परिपक्कता भएको ब्यक्ती भएको छु भनेर भन्न चाही सक्दिन। तर कन्फ्युससको जमानाको औसत आयुबाट हेर्ने हो भने त्यो बेलाको ७० बर्ष भनेको अहिलेको ११० बर्ष हो भनिन्छ। अहिले म ८० बर्ष भएको छु तर अझै तपस्या र मेहेनत पुगेको छैन र नजानेको कुराहरु धेरै छन तेसैले यो अर्थमा म अझै धेरै सिक्ने छु भनेर बिनम्ररुपमा सोचेको छु।

यस्ता चाहना हुनु मानव सबैको प्रबृती नै हो। तेस्माथि केहि सिक्छु भन्ने मन भयो भने नयाँ कुरासँग भेटिन्छ र तेसमा पाइने खुशी र उत्शाहले बाच्ने उर्जा दिने गर्दछ जसले जिवनको शिशिर ऋतुलाई पार गर्छु भन्ने खुशी र हौशला प्रदान गर्ने गर्दछ।


तेसको निम्ती स्वस्थ हुनु अत्यन्त महतपूर्ण हुन्छ। नागाशाकी को "शान्तिको प्रतिक" स्तम्भबाट चिनिने मुर्तिकार कितामुरा सेइबोजिले वहाँ १०० बर्ष हुँदा ७७ बर्षका हाम्रा संस्थापकसँगको कुराकानिमा लामो आयुको रहस्य भनेको "रिसाउनु हुँदैन। जेसुकै कुरमा धेरै घोत्लिन हुँदैन" भनेर भन्नु भएको थियो। संस्थापकले ति कुरालाई थपेर "झुठो नबोलेमा मन चङ्गा हुन्छ र स्वास्थकोलागी राम्रो" भनेर भन्नुभएको थोयो। र संस्थापकले अरुहरुले केहि लेखी दिनुस भनेर भन्दा सधै जापानि अक्षरमा "सुन्दर मन दिर्घ आयु" भनेर लेखी दिनी गर्नु हुन्थ्यो।

आफ्नो सिकाइलाई गहिरो पार्छु भनेर मेहेनत गरी तढकभडक नगरि बिनम्र भएर गर्नु पर्ने कुरा नै युवापुस्ताले सिक्ने छन र यस्ता सिकाइलाई गहिरो पार्ने बारेमा म फेरी एकपटक लेख्ने छु भन्ने लागेको छ।






# A Global Buddhist Movement




**Information about local Dharma centers**

**facebook**

**X**

✉ We welcome comments on our newsletter Living the Lotus: living.the.lotus.rk-international@kosei-kai.or.jp